# वार्षिक प्रगति पुस्तिका

## आ. व. २०८०/०८१

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# वन निर्देशनालय

धनगढी, कैलाली

**कभर फोटो :-**

साँफेबगर-२ अछाममा रहेको त्रिपुरासुन्दरी सामुदायिक वनको खाली क्षेत्रमा आएको पुनरुत्पादन ।

फोटोः हेमराज बिष्ट (प्रदेश वन निर्देशक)

**प्रकाशक :-**

वन निर्देशनालय
धनगढी, कैलाली
फोन नं. ०९१-५२६६२५/०९१-५२१६७१
E-mail: fdspdhn@gmail.com

# दुई शब्द



नेपालको संविधान २०७२ बमोजिम संघ, प्रदेश र स्थानिय तहको सरकारको व्यवस्था भई सञ्चालनमा आए पश्चात प्रदेश सरकार अन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने गरी वि.सं. २०७५ सालदेखि वन निर्देशनालय सञ्चालनमा आएको हो। यस निर्देशनालय मातहत १० वटा डिभिजन वन कार्यालय र ४ वटा भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु रहेका छन् । मातहत कार्यालयहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्नुका साथै वार्षिक कार्यक्रमहरु कार्यान्वयनमा सहजीकरण, कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन, निरीक्षण, पृष्ठपोषण, नियमन र उजुरी तथा गुनासो सुनुवाई तथा छानविन गर्ने यस निर्देशनालयको मुख्य जिम्मेवारी रहेको छ ।

डिभिजन वन कार्यालयहरु मार्फत प्रदेश र संघ सशर्त अनुदानबाट प्राप्त स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, वन संरक्षण क्षेत्र, कबुलियती वन, धार्मिक वन, निजी वन व्यवस्थापन सम्बन्धि कार्यहरु सञ्चालनमा रहेका छन् । त्यस्तै प्रचारप्रसार, विभिन्न किसिमका सीपमूलक तालिम, गोष्ठी मार्फत वन व्यवस्थापन कार्यमा संलग्न स्थानीय उपभोक्ताहरुमा जनचेतना जगाई उनीहरुको क्षमता अभिवृद्धि गर्ने, वनको विस्तार तथा विकासको लागि बिरुवा उत्पादन गर्दै सरकारी तथा निजि स्तरबाट वृक्षारोपण कार्यहरु सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त वन जङ्गलको नियमित गस्ती गरि वनजन्य अपराध नियन्त्रणमा समेत डिभिजन वन कार्यालयहरु सक्रिय रुपमा परिचालित भएको अवस्था छ। डोटी, डडेल्धुरा, कैलाली र दार्चुला रहेका चारवटा भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरुले प्रदेशमा रहेका नौ वटै जिल्लाहरुमा भू-संरक्षण तथा जलाधार व्यवस्थापनको माध्यमबाट प्रदेश भित्र रहेका सम्पूर्ण जल, जमिन, जङ्गल, जनावर र लगायतको एकिकृत व्यबस्थापन गर्नको लागि गल्छी पहिरो नियन्त्रण, खोला किनार संरक्षण, खेतबारी संरक्षण तटबन्ध निर्माण, पानी मुहान संरक्षण, भौतिक पूर्वाधार संरक्षण, पुनर्भरण पोखरी निर्माण, वायो इन्जीनियरिंग, वृक्षारोपण, भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी विभिन्न सचेतना तालिम तथा गोष्ठी एवं प्रचारप्रसार लगायतका कार्यहरु गर्दै आइरहेका छन् । यसै सन्दर्भमा डिभिजन वन कार्यालयहरु र भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालन र सम्पादित गरिएका कार्यहरुका साथै कार्यक्रम कार्यन्वयनको सिलसिलामा देखा परेका विभिन्न विषयवस्तुको तथ्यांक संकलन, लेखाजोखा तथा विश्लेषण गरि यो पुस्तिका तयार पारिएको छ । यस पुस्तिकामा भएका तथ्यांक तथा जानकारीहरु डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालय, वन संरक्षण र व्यवस्थापन कार्यमा संलग्न उपभोक्ताहरु, वन संरक्षण र व्यवस्थापनको क्षेत्रमा काम गर्ने र चासो राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु। पुस्तिका तयार पार्ने क्रममा जानकारी उपलब्ध गराउने डिभिजन वन कार्यालय र भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरुलाई धन्यवाद दिन चाहन्छु। त्यस्तै प्राप्त सूचना तथा जानकारीहरु विश्लेषण गरि यो पुस्तिका लेखन कार्यमा सहयोग पु-याउनु हुने सहायक वन अधिकृत श्री अनिशा मरहट्टालाई धन्यवाद दिन चाहन्छु।

अन्तमा, यो पुस्तिकामा भएका कमी कमजोरी तथा गल्तीहरु औंल्याएर सुधारको लागि पाठक वर्गहरुबाट अमुल्य सुझाब प्राप्त हुन्छ भन्ने अपेक्षा राखेको छु। धन्यवाद ।

हेमराज विष्ट<br>
महानिर्देशक

# विषय-सूची

## परिच्छेद १: वन निर्देशनालयको संक्षिप्त परिचय


१.१ पृष्ठभूमि ........ १
१.२ सांगठनिक संरचना ........ १
१.३ दरवन्दी र पदपूर्तिको अवस्था ........ २
१.४ मातहतका कार्यालयहरुको दरवन्दी तथा पदपूर्तिको अवस्था ........ २
१.५ प्रदेशमा अवस्थित सब-डिभिजन वन कार्यालयको विवरण ........ ३


## परिच्छेद २: प्रदेशमा वन तथा जलाधार क्षेत्रको अवस्था


२.१ परिचय ........ ५
२.२ वन क्षेत्रको विवरण ........ ६
२.३ वनको प्रकार र तिनको अवस्था ........ ७
२.३.१ राष्ट्रिय वन ........ ७
२.३.२ निजी वन ........ १२
२.४ राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रहरु ........ १२
२.५ जलाधार क्षेत्रको विवरण ........ १२
२.६ सिमसार क्षेत्रहरु ........ १३


## परिच्छेद ३: आ.व. २०८०/०८१ को समिक्षा


३.१ डिभिजन वन कार्यालय तर्फको कार्यक्रमको समिक्षा ........ १५
३.१.१ काठ दाउरा उत्पादन ........ १५
३.१.२ जडीबुटी तथा खोटो उत्पादन ........ १६
३.१.३ वनपैदावार बिक्रि वितरणबाट प्राप्त राजश्व ........ १७
३.१.४ विरुवा उत्पादन तथा खरिद ........ १७
३.१.५ वृक्षारोपण ........ १८
३.१.६ वन क्षेत्र अतिक्रमण नियन्त्रण ........ १९
३.१.७ बेरुजुको अवस्था ........ १९
३.१.८ वन मुद्दाको अवस्था ........ २१
३.२ भू-तथा जलाधार व्यबस्थापन कार्यालय तर्फको कार्यक्रमको समिक्षा ........ २२
३.३ वार्षिक कार्यक्रमहरुको कार्यप्रगतिको अवस्था ........ २२
३.३.१ वन निर्देशनालयको कार्य प्रगति ........ २२
३.३.२ डिभिजन वन कार्यालयहरुको कार्य प्रगति ........ २४
३.३.३ भू—तथा जलाधार व्यवस्थापन कार्यालयहरुको कार्य प्रगति ........ २५


तालिकाहरु:-

| | | |
|---|---|---|
| तालिका नं. १ | वन निर्देशनालयको सांगठनिक संरचना | १ |
| तालिका नं. २ | निर्देशनालयको दरवन्दी र पदपूर्तिको अवस्था | २ |
| तालिका नं. ३ | डि.व.का. र भू तथा जलाधार व्यवस्थापन कार्यालयको दरवन्दी र पदपूर्तिको अवस्था | ३ |
| तालिका न. ४ | सब-डिभिजन वन कार्यालयको विवरण | ३ |
| तालिका नं. ५ | जिल्लागत रुपमा वन क्षेत्र तथा अन्य क्षेत्रको विवरण | ६ |
| तालिका नं. ६ | वन संरक्षण क्षेत्रको विवरण | ८ |
| तालिका नं. ७ | साझेदारी वनको विवरण | ९ |
| तालिका नं. ८ | सामुदायिक वन सम्बन्धी विवरण | ९ |
| तालिका नं. ९ | कवुलियती वन सम्बन्धी विवरण | ११ |
| तालिका नं. १० | धार्मिक वनसम्बन्धी विवरण | ११ |
| तालिका नं. ११ | निजी वनसम्बन्धी विवरण | १२ |
| तालिका नं. १२ | राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र सम्बन्धी विवरण | १२ |
| तालिका नं. १३ | जलाधार तथा उपजलाधार सम्बन्धी विवरण | १३ |
| तालिका नं. १४ | केही महत्वपूर्ण सिमसार क्षेत्रहरुको विवरण | १४ |
| तालिका नं. १५ | डि.व.का.हरुबाट उत्पादित काठ दाउरा सम्बन्धी विवरण | १५ |
| तालिका नं. १६ | डि.व.का.हरुबाट उत्पादित जडिबुटी र खोटो सम्बन्धी विवरण | १६ |
| तालिका नं. १७ | वन पैदावार विक्रि वितरणबाट प्राप्त राजश्व र भ्याट सम्बन्धी विवरण | १७ |
| तालिका नं. १८ | बिरूवा उत्पादन तथा खरिदसम्बन्धी विवरण | १८ |
| तालिका नं. १९ | वृक्षारोपण विवरण | १९ |
| तालिका नं. २० | अतिक्रमण नियन्त्रण विवरण | १९ |
| तालिका नं. २१ | बेरूजु सम्बन्धी विवरण | २० |
| तालिका नं. २२ | मुद्दाको विवरण | २१ |
| तालिका नं. २३ | भू-तथा जलाधार व्यवस्थापन कार्यलयहरुको कार्यहरुको विवरण | २२ |
| तालिका नं. २४ | वन निर्देशनालयको पूँजीगत कार्यक्रम र चालु कार्यक्रमको विवरण | २३ |
| तालिका नं. २५ | वन निर्देशनालयको प्रदेश अन्तर्गतको पूँजीगत कार्यक्रम र चालु कार्यक्रम | २३ |
| तालिका नं. २६ | डिभिजन वन कार्यालयहरुको वार्षिक बजेट र खर्च विवरण (प्रदेश अन्तर्गतका कार्यक्रम) | २४ |
| तालिका नं. २७ | डिभिजन वन कार्यालयहरुको वार्षिक बजेट र खर्च विवरण (संघ शसर्त अनुदान) | २५ |
| तालिका नं. २८ | भू—तथा जलाधार व्यवस्थापन कार्यालयको बजेट तथा खर्च विवरण (प्रदेश अन्तर्गतका कार्यक्रम) | २६ |
| तालिका नं. २९ | भू—तथा जलाधार व्यवस्थापन कार्यालयको बजेट तथा खर्च विवरण(संघ शसर्त अनुदान) | २६ |
| अनुसूची १ | प्रदेशमा रहेको वन क्षेत्रको विवरण | २७ |
| अनुसूची २ | डि.व.का.हरुको आवधिक योजना सहितको रणनीतिक योजना (पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना) | २८ |
| अनुसूची ३ | तस्बिरहरु | २९-४२ |

# प्रदेशको संक्षिप्त विवरण

| | |
|---|---|
| प्रदेशको जम्मा क्षेत्रफल (हे.) | १९५३९०० |
| वन जंगलले ढाकेको क्षेत्रफल (हे.) | १०,६२,८८५ (NLCMS: National Land Cover Monitoring System 2020-2022/FRTC-ICIMOD) |
| वन जंगलले ढाकेको क्षेत्रफल प्रतिशत (%) | ५३.०४% |
| **सामुदायिक वनको विवरण** | |
| सामुदायिक वनको संख्या | ३४३७ |
| सामुदायिक वनको क्षेत्रफल (हे.) | ४३५४२८.३ |
| घरधुरी संख्या | ४८७१६६ |
| औसत सामुदायिक वन क्षेत्र प्रति समुह (हे.) | १२६.६८८ |
| औसत घरधुरी प्रति समुह | १४१.७४ |
| औसत वन क्षेत्र प्रति घरधुरी (हे.) | ०.८९३ |
| **साझेदारी वनको विवरण** | |
| साझेदारी वनको संख्या | ३ |
| साझेदारी वनको क्षेत्रफल (हे.) | ७३६५.०५ |
| **धार्मिक वनको विवरण** | |
| वनको संख्या | ४६ |
| वनको क्षेत्रफल (हे.) | ३०८७.८ |
| **कबुलियती वनको विवरण (गरिबीको रेखामुनि)** | |
| वनको संख्या | १०२७ |
| वनको क्षेत्रफल (हे.) | ७२१३.७७ |
| **दर्ता निजी वनको विवरण** | |
| वनको संख्या | २९१ |
| वनको क्षेत्रफल (हे.) | १८८.०६ |
| **वन संरक्षण क्षेत्र** | |
| वन संरक्षण क्षेत्रको संख्या | २ |
| वन संरक्षण क्षेत्रको क्षेत्रफल (हे.) | ९८६४३ |
| **काठ, दाउरा संकलन** | |
| **काठ संकलन (क्यू.फि.)** | **आ.व. २०८०/०८१** |
| सामुदायिक वन | ८३६५५६.६९ |
| सरकारद्धारा ब्यवस्थित वन | १६६८९२ |
| साझेदारी वन | ० |
| निजी वन | ६९५०२७.६ |
| **दाउरा संकलन (चट्टा)** | |
| सामुदायिक वन | ७३२.१२ |
| सरकारद्धारा ब्यवस्थित वन | १९७.७५ |
| साझेदारी वन | ० |
| निजी वन | १०८७.३ |
| **संरक्षित क्षेत्र तथा राष्ट्रिय निकुन्ज** | |
| राष्ट्रिय निकुन्जको संख्या | २ |
| राष्ट्रिय निकुन्जको क्षेत्रफल (वर्ग कि.मी.) | ५३० |
| संरक्षित क्षेत्र संख्या | १ |
| संरक्षित क्षेत्रको क्षेत्रफल (वर्ग कि.मी.) | १९०३ |

# परिच्छेद १: वन निर्देशनालयको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मातहत वन निर्देशनालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय गरी २ वटा निर्देशनालय तथा १ वटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, १० वटा डिभिजन वन कार्यालय र ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु रहेका छन्। त्यस्तै प्रदेशभरि जम्मा ७० सब-डिभिजन वन कार्यालयहरु रहेका छन् । डिभिजन वन कार्यालय (साविक जिल्ला वन कार्यालय) र भू तथा जलाधार व्यवस्थापन कार्यालय (साविक जिल्ला भू—संरक्षण कार्यालय) हरु प्रदेश सरकार अन्तर्गत रहेकोमा सो कार्यालयहरुसंग समन्वयकारी भूमिका निर्वाह गर्न तथा अनुगमन निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने गरी कैलाली जिल्लाको धनगढी उप-महानगरपालिकामा २०७५ सालदेखि वन निर्देशनालय सञ्चलनमा रहेको छ।

## १.२ सांगठनिक संरचना

वन निर्देशनालयमा महानिर्देशक (प्रदेश वन निर्देशक) मातहत रहने गरी वन तथा वन्यजन्तु संरक्षण शाखा, वन व्यवस्थापन तथा सूचना शाखा, योजना तथा अनुगमन शाखा, जलाधार व्यवस्थापन तथा समन्वय शाखा र कर्मचारी प्रशासन शाखा गरी कूल ५ शाखा रहेका छन् जसलाई तालिका नं. १ मा समावेस गरिएको छ।

**तालिका न. १: वन निर्देशनालयको सांगठानिक संरचना**



## १.३ दरवन्दी र पदपूर्तिको अवस्था

वन निर्देशनालयको कूल कर्मचारी दरवन्दी संख्या २८ रहेको छ जसलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका न. २ः निर्देशनालयको दरवन्दी र पदपूर्तिको अवस्था**

| सि.नं. | पद | श्रेणी/तह | कूल दरवन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम.प्रा | १ | १ | ० | |
| २ | वन व्यवस्थापन अधिकृत | रा.प.द्बितीय.प्रा | १ | ० | १ | |
| ३ | वन संरक्षण अधिकृत | रा.प.द्बितीय.प्रा | १ | ० | १ | |
| ४ | बरिष्ठ जलाधार व्यवस्थापन अधिकृत | रा.प.द्बितीय.प्रा | १ | ० | १ | |
| ५ | योजना अधिकृत | रा.प.द्बितीय.प्रा | १ | ० | १ | |
| ६ | सहायक वन अधिकृत | रा.प.तृतिय.प्रा | ३ | ३ | ० | |
| ७ | भू–संरक्षण अधिकृत | रा.प.तृतिय.प्रा | १ | १ | ० | |
| ८ | शाखा अधिकृत | रा.प.तृतिय | १ | ० | १ | |
| ९ | बाली बिकास अधिकृत | रा.प.तृतिय | १ | ० | १ | |
| १० | रेन्जर | रा.प.अनं.प्र.प्रा | ३ | २ | १ | |
| ११ | ना.सु | रा.प.अनं.प्र. | १ | १ | ० | |
| १२ | लेखापाल | रा.प.अनं.प्र. | १ | ० | १ | |
| १३ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | १ | ० | १ | १-स.क.अ. |
| १४ | खरिदार | रा.प.अनं.द्वि | १ | १ | ० | |
| १५ | फरेष्टर | रा.प.अनं.द्वि.प्रा | २ | १ | १ | |
| १६ | वन रक्षक | श्रेणी विहिन | २ | ० | २ | |
| १७ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | ० | २-करार |
| १८ | कार्यालय सहयोगी | श्रेणी विहिन | ४ | ४ | ० | ३-करार |
| | **जम्मा** | | **२८** | १६ | १२ | |

## १.४ मातहतका कार्यालयहरुको दरवन्दी तथा पदपूर्तिको अवस्था

वन निर्देशनालयको मातहतका कार्यालयहरुको कर्मचारीको कुल दरवन्दी ७७९ रहेकोमा हाल ५३९ को पदपूर्ति भइ २४० दरबन्दी रिक्त रहेको छ जसलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ः डि.व.का. र भू तथा जलाधार व्यवस्थापन कार्यालयको दरवन्दी र पदपूर्तिको अवस्था**

| सि.नं. | कार्यालय | कूल दरवन्दी | पदपूर्ती | रिक्त |
|---|---|---|---|---|
| १ | डिभिजन वन कार्यालय,कैलाली | १२९ | १०२ | २७ |
| २ | डिभिजन वन कार्यालय, पहलमानपुर | १२६ | ८४ | ४२ |
| ३ | डिभिजन वन कार्यालय, कञ्चनपुर | ९४ | ७७ | १७ |
| ४ | डिभिजन वन कार्यालय, डडेल्धुरा | ११० | ६१ | ४९ |
| ५ | डिभिजन वन कार्यालय, डोटी | ५५ | ३९ | १६ |
| ६ | डिभिजन वन कार्यालय, बैतडी | ४४ | ३४ | १० |
| ७ | डिभिजन वन कार्यालय, बझाङ | ४४ | २४ | २० |
| ८ | डिभिजन वन कार्यालय, बाजुरा | ४४ | ३५ | ९ |
| ९ | डिभिजन वन कार्यालय, दार्चुला | २९ | १७ | १२ |
| १० | डिभिजन वन कार्यालय, अछाम | ५४ | ३६ | १८ |
| ११ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, डडेल्धुरा | १७ | १० | ७ |
| १२ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, डोटी | १७ | ८ | ९ |
| १३ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, कैलाली | ८ | ६ | २ |
| १४ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, दार्चुला | ८ | ६ | २ |
| | **जम्मा** | **७७९** | **५३९** | २४० |

नोटः डिभिजन वन कार्यालय कैलाली, पहलमानपुर, कञ्चनपुर, डडेल्धुरामा संघ अन्तरगत खटि आएका सशस्त्र वन रक्षक समेतको विवरण रहेको।

## १.५ प्रदेशमा अवस्थित सब-डिभिजन वन कार्यालयको विवरण

सुदूरपश्चिम प्रदेशमा १० वटा डिभिजन वन कार्यालयहरु रहेका र सो मातहत ७० वटा सब-डिभिजन वन कार्यालयहरु रहेका छन् जसको विवरण तालिका नं. ४ मा देखाइएको छ ।

**तालिका न. ४ः सब-डिभिजन वन कार्यालयहरुको विवरण**

| डि.व.का. | सि.नं. | स.डि.व.का. | डि.व.का. | सि.नं. | स.डि.व.का. |
|---|---|---|---|---|---|
| **कैलाली** | १ | सहजपुर | **पहलमानपुर** | १ | सुख्खड |
| | २ | गोदावरी | | २ | फलेबिसौना |
| | ३ | खैराला | | ३ | पण्डौन |
| | ४ | धनगढी | | ४ | भजनी |
| | ५ | निगाली | | ५ | पचमुडिया |
| | ६ | गौरीगंगा | | ६ | साढेपानी |
| | ७ | मसुरिया | | ७ | चिसापानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८ | उदासिपुर | | ८ | टिकापुर |
| | ९ | बसन्ता | | ९ | लम्की |
| | १० | फुलवारी | | १० | बर्दगोरिया |
| **कञ्चनपुर** | १ | ब्रह्मदेव | **बैतडी** | १ | रुद्रेश्वर |
| | २ | कुण्डा | | २ | मालिका |
| | ३ | वाणी | | ३ | मेलौली |
| | ४ | लालझाडी | | ४ | पाटन |
| | ५ | पिपरिया | | ५ | हाट |
| | ६ | शुक्लाफाँटा | | ६ | सिगास |
| **डोटी** | १ | सिलगढी | **अछाम** | १ | मंगलसेन |
| | २ | सानागाउँ | | २ | विनायक |
| | ३ | कालिकास्थान | | ३ | ढकारी |
| | ४ | जोरायल | | ४ | तुर्माखाँद |
| | ५ | लानाकेदारेश्वर | | ५ | बयलपाटा |
| | ६ | गोबघाट | | ६ | रामारोशन |
| | ७ | चनुकाडा | | ७ | ठाटी |
| | ८ | दुर्गामाण्डु | | ८ | चौरपाटी |
| **डडेल्धुरा** | १ | अमरगढी | **बाजुरा** | १ | मार्तडी |
| | २ | अजयमेरु | | २ | शिवपादुका |
| | ३ | नवदुर्गा | | ३ | घटमुना |
| | ४ | गन्यापधुरा | | ४ | बारजुकोट |
| | ५ | आलिताल | | ५ | डोगडी |
| | ६ | पर्शुरामधाम | | ६ | कैलाश |
| | ७ | सादनी | **बझाङ** | १ | तलकोट |
| | ८ | भागेश्वर | | २ | चैनपुर |
| **दार्चुला** | १ | महाकाली | | ३ | खप्तड |
| | २ | चौलानी | | ४ | दुर्गाछबिस |
| | | | | ५ | बागथला |
| | | | | ६ | बुंगल |

# परिच्छेद २: प्रदेशमा वन तथा जलाधार क्षेत्रको अवस्था

## २.१ परिचय

नेपालको संविधान बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ। सुदूरपश्चिम प्रदेश १०९ मिटर देखि ७१३२ मिटर सम्म उचाई र २८°२२" उत्तरी अक्षांश देखि ३०°०९" उत्तरी अक्षांश र ८०°०३" पुर्वी देशान्तर देखि ८१°२५" पुर्बी देशान्तरसम्म फैलिएको छ। यस प्रदेशको सबैभन्दा अग्लो भू-भागको रुपमा अपि हिमाल ७१३२ मि. र होचो भू-भागको रुपमा कैलाली जिल्ला १०९ मि. रहेको छ। नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मध्ये यस प्रदेशले १९,५३९ वर्ग कि.मि. ओगटेको छ जुन नेपालको कुल क्षेत्रफलको १३.२७% रहेको छ। यस प्रदेशको कुल क्षेत्रफलमध्ये हिमाली भू-भाग ८,३९३.११ वर्ग कि.मि. (४१.९७%), पहाडी भू-भाग ६,७४८.७७ वर्ग कि.मि. (३४.५४%) र तराई भू-भाग ४,८५७.३९ वर्ग कि.मि. (२४.८६%) रहेको छ। जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ रहेको छ भने यस प्रदेशको जनसंख्या २६,९४,७८३ जुन नेपालको कुल जनसंख्याको ९.२३% हुन आउँछ। यस प्रदेश अन्तर्गत नौ वटा जिल्लाहरु रहेका छन् जसमध्ये २ जिल्ला (कैलाली र कञ्चनपुर) तराई क्षेत्रमा, ४ जिल्ला (डोटी, डडेल्धुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र ३ जिल्ला (बझाङ, बाजुरा, दार्चुला) हिमाली क्षेत्रमा पर्दछन। यस प्रदेशमा १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी कूल ८८ वटा स्थानीय तहहरु रहेका छन्।

NLCMS 2020-2022/FRTC-ICIMOD को अनुसार नेपालको कुल क्षेत्रफलमध्ये ४६.०८% (६७,९७,२५७ हेक्टर) वनक्षेत्रले ओगटेको छ भने यस प्रदेशको कुल क्षेत्रफलमध्ये ५३.०४% भू-भाग अर्थात् १०,६२,८८५ हेक्टर क्षेत्रफल सघन वन तथा अन्य काष्ठ तथा बुट्यान क्षेत्रले ओगटेको छ। भौगोलिक अवस्थितिको हिसाबले दक्षिणमा तराईदेखि उत्तरमा हिमालसम्म उष्ण वन (Tropical forest), उपोष्ण वन (Subtropical forest), समशीतोष्ण वन (Temperate forest), सब अल्पाइन वन (Sub-Alpine forest) र अल्पाइन तथा टून्ड्रा वनस्पति क्षेत्र (Alpine and Tundra Shrub) गरि जम्मा ५ प्रकारका

वनहरू पाइन्छन्। प्रजाति अनुसार उष्ण वनमा मुख्यगरि सालको वन (Sal forest), नदितटीय खयर-सिसौको (Riverain Khair-Sisoo forest) वन पाइन्छन् भने उपोष्ण वनमा मुख्यगरि खोटे सल्लाको वन (Chirpine forest), उतिसको वन (Alder forest) पाइन्छन्। त्यस्तै तल्लो समशीतोष्ण वनमा मुख्यतः बाँझ, फलाट, गोब्रेसल्लो पाइन्छन् भने माथिल्लो समशीतोष्ण वनमा खस्रु, फिरफिरे, देवदार, लौठ्सल्ला आदि प्रजातिहरु पाइन्छन्। सब अल्पाइन वनमा तालिसपत्र, भोजपत्र, लालीगुराँस पाइन्छन्। त्यस्तै अल्पाइन तथा टून्ड्रा वनस्पति क्षेत्रमा सदाबहार हिउ पर्ने भएकाले कुनै पनि रुखहरु पाईदैन तर लालीगुराँस धुपी प्रजातिका बुट्यान भने पाइन्छन् ।

## २.२ वन क्षेत्रको विवरण

### क. जिल्लागत रुपमा वन क्षेत्रको विवरण

सुदूरपश्चिम प्रदेशको कूल क्षेत्रफल मध्ये १०,६२,८८५ हेक्टर (NLCMS 2020-2022/FRTC-ICIMOD) क्षेत्रफल सघन वन तथा अन्य काष्ठ तथा बुट्यान क्षेत्र पर्दछ। बाँकी जमिन अन्य क्षेत्र जस्तै कृषि क्षेत्र, बसोबास क्षेत्र, खोला नालाले ओगटेको क्षेत्र तथा बाँझो जमिन आदि पर्दछ। NLCMS 2020-2022/FRTC-ICIMOD अनुसार जिल्लागत रुपमा वन क्षेत्रको विवरण नभेटिएकाले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले २०१८ मा प्रकाशन गरेको स्थानीय तह अनुसारको वनको विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ जसमा राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, विकासका आयोजना लगायतलाई दिइएको वनक्षेत्र समावेश गरिएको छैन।

**तालिका नं. ५ः जिल्लागत रुपमा वन क्षेत्र तथा अन्य क्षेत्रको विवरण**

| सि.नं. | डि.व.का. | जम्मा क्षेत्रफल (हे.) | वन जम्मा क्षेत्रफल (हे.) |
|---|---|---|---|
| १ | कैलाली | ३२७३१३ | १९७३०९ |
| २ | पहलमानपुर | | |
| ३ | कञ्चनपुर | १२१४२६ | ५०४६४ |
| ४ | डडेल्धुरा | १४९६५४ | १११३८१ |
| ५ | बैतडी | १४८६९८ | ९२१०७ |
| ६ | डोटी | १९४८३२ | १४१२६० |

| | | | |
|---|---|---|---|
| ७ | अछाम | १६५५१७ | १०४१८२ |
| ८ | दार्चुला | २३३०७३ | १०६५८५ |
| ९ | बझाङ | ३३७५९१ | १४७२३४ |
| १० | बाजुरा | २२८१६६ | १३३२४७ |
| | **जम्मा** | **१९०६२७०** | **१०८३७६९** |

**श्रोत: वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०१८**

## २.३ वनको प्रकार र तिनको अवस्था

वन ऐन २०७६ ले नेपालको वनलाई राष्ट्रिय वन र निजी वन गरी मुख्य दुई भागमा वर्गिकरण गरेको छ भने राष्ट्रिय वनलाई पनि सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, चक्ला वन, सामुदायिक वन, कवुलियती वन र धार्मिक वन गरि जम्मा ७ किसिममा वर्गिकरण गरिएको छ। यस प्रदेशमा रहेका वन क्षेत्रको विस्तृत विवरण अनुसूची १ मा दिइएको छ।

त्यस्तै यस प्रदेशमा रहेका १० वटा डिभिजन वन कार्यालयहरुको आवधिक योजना सहितको रणनीतिक योजना (पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना) को विवरणहरु अनुसूची १ मा दिइएको छ।

## २.३.१ राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल राज्यभित्रको सिमाना लगाएको वा नलगाएको सबै वन क्षेत्रलाई जनाउछ। सो शब्दले वनले घेरिएको, वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वन भित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

### क. सरकारद्वारा व्यवस्थित वन

सरकारद्वारा व्यवस्थित वन भन्नाले नेपाल सरकारले स्वीकृत गरेको रणनीतिक योजनाको अधिनमा रही वनको संरक्षण तथा व्यवस्थापन लगायतको क्रियाकलाप गर्नका लागि स्वीकृत कार्ययोजना अनुसार व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँछ। राष्ट्रिय वनमा रहेका वन पैदावारको स्वामित्व नेपाल सरकारमा रहन्छ ।

## ख. वन संरक्षण क्षेत्र

वन संरक्षण क्षेत्र भन्नाले नेपाल सरकारले राष्ट्रिय वनको कुनै भू-भाग विशेष वातावरणीय, वैज्ञानिक वा साँस्कृतिक महत्वको वा अन्य विशेष महत्वको ठानी वन संरक्षण क्षेत्रको रुपमा घोषणा गरेको राष्ट्रिय वनलाई जनाउँछ । वन संरक्षण क्षेत्रमा गरिने सम्पूर्ण क्रियाकलापहरु स्वीकृत कार्ययोजनाको अधिनमा रहि गर्नुपर्दछ। यस प्रदेशमा हालसम्म जम्मा २ वटा वन संरक्षण क्षेत्र घोषणा भएका छन् भने ५ वटा वन संरक्षण क्षेत्र प्रस्तावित गरिएका छन जसलाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६ः वन संरक्षण क्षेत्रको विवरण**

| क्र.सं. | वन संरक्षण क्षेत्र | जिल्ला | संरक्षित वन घोषणा मिति | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | बसन्ता | कैलाली | २०६८/११/१५ | ६९००१.२२ |
| २ | लालझाडी मोहना | कञ्चनपुर | २०६८/११/१५ | २९६४१.८ |
| | **जम्मा** | | | **९८६४३.०२** |
| **क्र.सं.** | **वन संरक्षण क्षेत्र** | **जिल्ला** | **संरक्षित वन घोषणा मिति** | **क्षेत्रफल** |
| १ | महाभारत | डडेल्धुरा | प्रस्तावित | ५३०१४ |
| २ | ग्वालेक केदार | बैतडी | प्रस्तावित | २७८८.२७ |
| ३ | सिगास | बैतडी | प्रस्तावित | ३०९० |
| ४ | रामारोशन | अछाम | प्रस्तावित | ३०५१.२९ |
| ५ | तेलेलेक | डोटी | प्रस्तावित | २१६१७.६ |
| | **जम्मा** | | | **८३५६१.१६** |

**श्रोतः वन तथा भू-संरक्षण विभाग**

## ग. साझेदारी वन

तराई, चुरे तथा भित्री मधेसका चक्ला वनलाई स्थानीय वन उपभोक्ता, स्थानीय सरकार र नेपाल सरकारको संयुक्त सहभागितामा व्यवस्थापन गर्न नेपाल सरकारको वन नीति २०५७ मार्फत साझेदारी वनको अवधारणा अघि सारेको हो। हालसम्म सुदूरपश्चिम प्रदेशमा जम्मा ३ वटा साझेदारी वन हस्तान्तरण गरिएका छन् जसको संक्षिप्त विवरण तालिका नं. ७ मा देखाइएको छ।

**तालिका न. ७ः साझेदारी वनको विवरण**

| क्र.सं. | साझेदारी वन | जिल्ला | स्वीकृत आ.व. | क्षेत्रफल(हे.) | संलग्न घरधुरी | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | भारताल | कैलाली | ०६७/६८ | २६५२.८० | १३१७३ | १६३६५७ |
| २ | बाह्रबन | कैलाली | ०६७/६८ | १६९१.७९ | ३१२७२ | ३५३३५ |
| ३ | गौरीगंगा | कैलाली | ०७८/०७९ | ३०२०.४६ | ५७४७ | ४०७८० |
| | **जम्मा** | | | **७३६५.०५** | **५०१९३** | **२३९७७२** |

**श्रोतः डिभिजन वन कार्यालय, कैलाली**

## घ. चक्ला वन

चक्ला वन भन्नाले सरकारद्वारा व्यवस्थापन गरिने कम्तीमा ५०० हे. क्षेत्रफल भएको वन क्षेत्र सम्झनु पर्छ। यस प्रदेशमा हालसम्म चक्ला वनको अवधारणा कार्यान्वयनमा ल्याइएको छैन।

## ङ. सामुदायिक वन

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्न स्थानीय उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनलाई जनाउँछ। यसरी हस्तान्तरण गरिएको वनमा रहेका वन पैदावारहरुको स्वामित्व सम्बन्धित उपभोक्ता समूहमा रहन्छ र उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख भए अनुसार वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्नु पर्दछ।

यस प्रदेशमा २०८१ असार मसान्तसम्म ३,४३७ वन उपभोक्ता समूहलाई ४३५४२८.३ हेक्टर राष्ट्रिय वनक्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । सामुदायिक वन उपभोक्ता समूहमा ४,८७,१६६ घरधुरीका २६,९२,९९७ उपभोक्ताहरु समावेश छन् । यस प्रदेशको कुल वन क्षेत्रको ४०.१७% क्षेत्र सामुदायिक वनले ओगटेको छ । यस प्रदेश अन्तर्गत रहेका सामुदायिक वनको विवरण तालिका नं. ८ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८ः सामुदायिक वन सम्बन्धी विवरण**

| सि.नं. | डि.व.का. | सामुदायिक वन | | | |
|---|---|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हे.) | घरधुरी | जनसंख्या |
| १ | कैलाली | ३३९ | ४९६५८.९६ | ७४८५९ | ४३२९८० |
| २ | पहलमानपुर | ३१६ | ५००१०.४७१ | ८९५२५ | ४६८५५४ |
| ३ | कञ्चनपुर | १४१ | २१२०४.२ | ५४३८६ | २९४१०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | डडेल्धुरा | ४९९ | ६५५१९.५३ | ४०८८३ | २४७१८९ |
| ५ | बैतडी | ३७१ | ३५२५५.५८ | ३८९५९ | २८५४८७ |
| ६ | डोटी | ४०० | ९१६४३.०३ | ३९३६४ | २२३३४० |
| ७ | अछाम | ४२३ | ४६५३५.४९ | ६५७५१ | २७२०४० |
| ८ | दार्चुला | १८४ | ८४९३.८२ | ११८७४ | ७९०२६ |
| ९ | बझाङ | ४३९ | ४५४३४.३ | ४३५०० | २५१७५६ |
| १० | बाजुरा | ३२५ | २१६७२.९२ | २८०६५ | १३८५२३ |
| | जम्मा | ३४३७ | ४३५४२८.३ | ४८७१६६ | २६९२९९७ |

**श्रोतः डिभिजन वन कार्यालयहरु**

## च. कबुलियती वन

कबुलियती वन भन्नाले तपसिलमा उल्लेखित उद्देश्यहरुको लागि प्रचलित कानुन बमोजिम स्थापित कुनै संघसंस्था, वन पैदावारमा आधारित उद्योग वा समुदायलाई प्रदान गरिएको राष्ट्रिय वनलाई जनाउँदछ।

- वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,
- वृक्षारोपण गरी वन पैदावार उत्पादनमा अभिवृद्धि गरी विक्री वितरण गर्न वा उपयोग गर्न,
- वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,
- वनको संरक्षण र विकास हुने गरी किटपतङ्ग तथा वन्यजन्तुको फर्म वा उद्यान सञ्चालन गर्न,
- वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न,

गरिबीको रेखामुनि रहेका समुदायहरुको लागि वन सम्बन्धी योजना तयार पारी कबुलियती वन सुम्पन सक्ने प्रावधान अनुरुप यस प्रदेशमा गरिबीको रेखामुनि रहेका १०२७ समूहका १३१२४ घरधुरीहरुलाई ७२१३.७ हेक्टर वन क्षेत्र हस्तान्तरण भैसकेको छ भने कैलाली जिल्लामा व्यवसायिक प्रयोजनको लागि ५८ हेक्टर वन क्षेत्र हरैया कम्पनीलाई कबुलियती वनको रुपमा हस्तान्तरण गरिएको छ। पहलमानपुर, कञ्चनपुर र दार्चुला जिल्लामा हालसम्म कबुलियती वन हस्तान्तरण गरिएको छैन। यस प्रदेश

अन्तर्गत हस्तान्तरण गरिएका कबुलियती वन सम्बन्धी विवरण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ः गरिबीको रेखामुनी रहेका समुहहरुलाई दिइएको कबुलियती वन सम्बन्धी विवरण**

| सि.नं. | डि.व.का. | गरिबीको रेखामुनी रहेका समुहको संख्या | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|
| १ | डडेल्धुरा | १७७ | ८८२.०७४ | १९७६ |
| २ | बैतडी | १७४ | ४७९.५९ | १८९० |
| ३ | डोटी | २१८ | ८८१.५४ | २०३६ |
| ४ | अछाम | १६६ | ६८७.२८ | १७९७ |
| ५ | बझाङ | १२३ | २१७०.५६ | २३५६ |
| ६ | बाजुरा | १६९ | २११२.७३ | ३०६९ |
| | **जम्मा** | **१०२७** | **७२१३.७७४** | **१३१२४** |

**श्रोतः डिभिजन वन कार्यालयहरु**

## छ. धार्मिक वन

धार्मिक वन भन्नाले कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरपरको वनको विकास, संरक्षण र उपयोग गर्न सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ। धार्मिक वनमा रहेका वन पैदावार सम्वन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारीक प्रयोजन वाहेकका अन्य धार्मिक कार्यमा उपयोग गर्न पाउने कानुनी व्यबस्था रहेको छ।

हालसम्म यस प्रदेशमा ३०८७.८ हेक्टर वन क्षेत्र ४६ वटा धार्मिक निकाय/समूह/समुदायलाई हस्तान्तरण गरिएको छ भने बैतडी जिल्लामा हालसम्म धार्मिक वन दर्ता भएको छैन। यस प्रदेशको धार्मिक वनको विवरण तालिका नं. १० मा देखाइएको छ।

**तालिका नं. १०ः धार्मिक वन सम्बन्धी विवरण**

| डि.व.का. | कैलाली | पहलमानपुर | कञ्चनपुर | डडेल्धुरा | डोटी | अछाम | दार्चुला | बझाङ | बाजुरा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ११ | १ | १२ | ९ | १ | ३ | २ | ३ | ४ | ४६ |
| क्षेत्रफल (हे.) | १२९.४२ | २५ | १३१.५१ | ८०.७२ | ३ | ८.९४४ | १२.६२ | २६६४.२ | ३२.३९ | ३०८७.८ |

**श्रोतः डिभिजन वन कार्यालयहरु**

### २.३.२ निजी वन

निजी वन भन्नाले प्रचलित कानुन बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई जनाउँछ। निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सकिने व्यवस्था वन ऐन, २०७६ मा उल्लेख गरिएको छ। यस अनुरुपको अधिकार प्राप्त गर्न निजी वन दर्ता गरी सोको प्रमाणपत्र प्राप्त गर्न आवश्यक हुन्छ । हाल सम्म यस प्रदेशमा २९१ वटा निजी वनहरु दर्ता भएका छन् जसको क्षेत्रफल १८८.०६ हेक्टर रहेको छ जसलाई तालिका नं. ११ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ११ः निजी वन सम्बन्धी विवरण**

| डि.व.का. | कैलाली | पहलमानपुर | कञ्चनपुर | डडेल्धुरा | बैतडी | डोटी | अछाम | दार्चुला | बझाङ | बाजुरा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ३८ | २८ | १७८ | ४ | ३ | १२ | २ | ६ | ९ | ११ | २९१ |
| क्षेत्रफल (हे.) | ३५.२७ | १४ | १०९.३५ | १.१२ | २.५ | ६.७०३ | १.८१ | ६.८५ | ३.५७ | ६.८८ | १८८.०६ |

**श्रोतः डिभिजन वन कार्यालयहरु**

## २.४ राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रहरु

सुदूरपश्चिम प्रदेश संरक्षित क्षेत्रको दृष्टिकोणले धनी प्रद ेशमा पर्दछ। बाह्रसिंहा र घाँसे मैदानका लागि प्रसिद्ध शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, पाटनका लागि प्रसिद्ध खप्तड राष्ट्रिय निकुञ्ज यसै प्रदेशमा पर्दछन् । त्यस्तै दार्चुला जिल्लामा अवस्थित अपिनाम्पा संरक्षित क्षेत्र पनि यसै प्रदेशमा पर्दछ जुन यार्सागुम्बाको लागि प्रसिद्ध छ।यस प्रदेशमा अवस्थित राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रको विवरण तालिका नं. १२ मा देखाइएको छ।

**तालिका नं. १२ः राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रसम्बन्धी विवरण**

| सि.नं. | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्रको नाम | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | विशेषता/उद्देश्य |
|---|---|---|---|---|
| १ | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | कञ्चनपुर | ३०५ | बाह्रसिंहा, पाटेबाघ, एक सिंगे गैंडा, जंगली हात्ती, चित्तल खरमजुर, सिमतित्रा, लेसर भुडीफोर आदि प्रजातिका वन्यजन्तु पाइन्छन। |
| २ | खप्तड राष्ट्रिय निकुञ्ज | बझाङ, बाजुरा, डोटी र | २२५ | कस्तुरी मृग, चरिबाघ, ब्वासो, चितुवा, जंगली कुकुर, रातो बादर, डाँफे, मुनाल, चीर कालिज आदि प्रजातिका जनावर पाइन्छन साथै त्रिबेणी, खप्तड |

| | | | | |
|---|---|---|---|---|
| | | अछाम | | दह, सहश्रलिंग आदि तिर्थस्थल रहेका छन। |
| ३ | अपिनाम्पा संरक्षित क्षेत्र | दार्चुला | १९०३ | हाब्रे, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा, डाँफे, मुनाल आदि प्रजातिका जनावर पाइन्छन। साथै अपि हिमाल, नाम्पा हिमाल, व्यास हिमाल आदि रहेका छन। |

## २.५ जलाधार क्षेत्रको विवरण

सुदूरपश्चिम प्रदेशमा महाकाली र कर्णाली गरी २ वटा वेसिन रहेका छन्। कैलाली, डडेल्धुरा, डोटी र दार्चुला गरि ४ वटा कार्यक्षेत्र अन्तरगत पर्ने विभिन्न जलाधार तथा उपजलाधारहरुको विवरण तालिका नं. १३ मा उल्लेख गरिएको छ।

**तालिका न. १३ः जलाधार तथा उपजलाधार सम्बन्धी विवरण**

| सि.नं. | कार्य क्षेत्र | बेसिन | जलाधार/उपजलाधारको नाम | जिल्ला |
|---|---|---|---|---|
| १ | डोटी | कर्णाली | ढुलीगाढ, कपडिगाढ, कर्नासीगाढ, सायलगाढ, सेती | डोटी |
| | | | कैलाश खोला र बेलखेत खोला | अछाम |
| | | | कुवाडी खोला, कासेगडा, बड्डीगाढ र बुढीगंगा | बाजुरा |
| २ | डडेल्धुरा | महाकाली | कालाङगा, तारुगाड, बाहुलीगाड, छान्ना खोला, खोलीगाड, सुनिगाड र सेती | बझाङ |
| | | | रङगुन, ठूली खोला, रडुवा, रोमायल, दोगाड, शीर्षगाड, ठूलीगाड, चामागाड, पुन्तुरा, सादनी, रुपालीगाड र सेती | डडेल्धुरा |
| ३ | कैलाली | कर्णाली र महाकाली | मोहना, खुटिया, कान्द्रा, पथरैया र डोडा | कैलाली |
| | | | बगुन खोला, कामीकाटे, वण्डा नदी, मछेली नदी, मोहना नदी, वनहरी नदी, चौधर नदी, काङ्ला नदी र  भुजेला खोला | कञ्चनपुर |
| ४ | दार्चुला | महाकाली | जमानीगाड, सुर्नैया खोला, गन्नीगाड, स्याडीगाडर ढिकगाड र चमेलिया | बैतडी |
| | | | नौगाड, लास्कुखोला, निजाङगाड, कुलीगाड, मिल्खेत खोला, तुडे खोला, घुइया खोला, खेत्छमा खोला र चमेलिया | दार्चुला |

**श्रोतः भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु**

## २.६ सिमसार क्षेत्रहरु

यस प्रदेशको विभिन्न जिल्लाहरुमा सिमसार क्षेत्रहरु रहेका छन् । रामसार सुचीमा सुचीकृत भएको घोडाघोडी ताल पनि यसै प्रदेशमा पर्दछ जसको क्षेत्रफल जम्मा २५६३ हेक्टर रहको छ। त्यस्तै बेदकोट ताल, जखोर ताल, कोइलही ताल, बाटुला ताल, जिनगाले ताल, झिल्मिला ताल, आलिताल आदि लगायतका कैयन तालहरु रहेका छन्। यस क्षेत्रमा

अवस्थित सिमसार क्षेत्रहरु पारिस्थितिकीय तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेका छन्। यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा रहेका केहि प्रमुख सिमसार क्षेत्रहरुको विवरण तालिका नं. १४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १४: केही महत्वपूर्ण सिमसार क्षेत्रहरुको विवरण**

| सि.नं. | जिल्ला | प्रमुख सिमसार क्षेत्रहरु |
|---|---|---|
| १ | कैलाली | घोडाघोडी, जखोर, कोइलाही, अजुवा, बड्का, जोगनिया, राजी, रुपिया, सोनिया ताल आदि |
| २ | कञ्चनपुर | बेदकोट, झिल्मिला, अजिंगर, सिद्धसरोबर, बन्द, सुन्देउ, बैजनाथ ताल आदि |
| ३ | अछाम | बाटुला, गेराया, जिन्गाले, लाम्दाया ताल आदि |
| ४ | डडेल्धुरा | आलिताल |
| ५ | बैतडी | पाताल भुमेश्वोर ताल |
| ६ | बझाङ | दाउ ताल |
| ७ | डोटी | छतिवन, रंगेनी ताल |

# परिच्छेद ३: आ. व. २०८०/०८१ को समिक्षा

## ३.१ डिभिजन वन कार्यालय तर्फको कार्यक्रमको समिक्षा

### ३.१.१. काठ दाउरा उत्पादन

यस निर्देशनालय अन्तर्गतका १० वटा डिभिजन वन कार्यालयहरुबाट आ.व. २०८०/०८१ मा सरकारद्वारा व्यवस्थित वनबाट १६६८९२.२ क्यु.फिट काठ र १९७.७५ चट्टा दाउरा, सामुदायिक वनबाट ८३६५५६.६९ क्यु.फिट काठ र ७३२.१२ चट्टा दाउरा, त्यस्तै निजी आवादीबाट ६९५०२७.६ क्यु. फिट काठ र १०८७.३ चट्टा दाउरा गरि जम्मा १६९८४७६.५३ क्यु.फि. काठ र २०१७.१५ चट्टा दाउरा उत्पादन भएको देखिन्छ भने साझेदारी वनबाट काठदाउरा उत्पादन भएको छैन जस सम्बन्धी संक्षिप्त विवरण तालिका नं. १५ उल्लेख गरिएको

**तालिका नं. १५: डिभिजन वन कार्यालयहरुबाट उत्पादित काठ दाउरा सम्बन्धी विवरण**

| सि.नं. | डि.व.का | सामुदायिक बन | | सरकारद्वारा व्यवास्थित वन | | निजि आवादी | | काठ जम्मा | दाउरा जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | काठ (क्यु. फिट) | दाउरा (चट्टा) | काठ (क्यु. फिट) | दाउरा (चट्टा) | काठ (क्यु. फिट) | दाउरा (चट्टा) | (क्यु. फिट) | (चट्टा) |
| १ | कैलाली | ४१९६३५.९७ | ५७७ | ६१८०१.१ | १७८ | ७७१४०.७३ | १५७ | ५५८५७७.८ | ९१२ |
| २ | पहलमानपुर | १८२६३१.२ | ३७ | ९१७००.९५ | १९.७५ | ६३४४२.६ | १९२ | ३३७७७४.७५ | २४८.७५ |
| ३ | कन्चनपुर | २०४२९.१ | ११६.१२ | ० | ० | २६१२८७.३ | ६९६.२८ | २८१७१६.४ | ८१२.४ |
